त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति :२०७७।११।०६

# इन्जिनियरिङ्ग अध्ययन सस्थान अन्तर्गत पुल्चोक क्याम्पसको बी.ई./बी.आर्क. तहमा भर्ना सम्बन्धी सूचना

इन्जिनियरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०७७।०७८ मा बी.ई./बी.आर्क. तहमा भर्नाका लागि २०७७ सालमा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरु मध्ये यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुका लागि निम्नानुसारको कार्यक्रम प्रकाशन गरिएको छ ।

| कार्यक्रम | मिति र समय |
|---|---|
| १. भर्नाका लागि आवेदन फाराम (Online Application Form) भर्ने | २०७७ फागुन ७ गते विहान १०:०० बजे देखि २०७७ फागुन ११ गते अपरान्ह ५:०० बजेसम्म |
| २. कोटाको लागि निवेदन दिनुपर्ने (कोटाको लागि पहिला Online Application Form अनिवार्य भर्नु पर्नेछ। | २०७७ फागुन ७ गते विहान १०:०० बजे देखि २०७७ फागुन ११ गते अपरान्ह ५:०० बजेसम्म सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा बुझाउनु पर्नेछ। |
| ३. आवेदकहरुको नामावली प्रकाशन | २०७७ फागुन १२ गते विहान १०:०० बजे |
| ४. प्राथमिकतामा थपघट वा संशोधन | २०७७ फागुन १२ गते विहान ११:०० बजे देखि २:०० बजेसम्म |
| ५. आवेदकहरुको अन्तिम नामावली प्रकाशन | २०७७ फागुन १२ गते साँझ ६:०० बजे |
| ६. आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०७७ फागुन १३ गते विहान १०:०० बजे |
| ७. आर्किटेक्चर झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०७७ फागुन १४ गते विहान १०:०० बजे |
| ८. प्रथम सूची प्रकाशन | २०७७ फागुन १७ गते विहान १०:०० बजे |
| ९. प्रथम सूची उपर दावि विरोध | २०७७ फागुन १७ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १०. संशोधित प्रथम सूची प्रकाशन | २०७७ फागुन १७ गते साँझ ६:०० बजे |
| ११. प्रथम सूचीको भर्ना | २०७७ फागुन १८, १९, २०, २१ र २३ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म (कार्यक्रम अनुसारको विस्तृत भर्ना तालिका प्रथम सूची संगै प्रकाशन गरिनेछ।) |
| १२. दोस्रो सूची प्रकाशन | २०७७ फागुन २५ गते विहान १०:०० बजे |
| १३. दोस्रो सूची उपर दावि विरोध | २०७७ फागुन २५ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १४. संशोधित दोस्रो सूची प्रकाशन | २०७७ फागुन २५ गते साँझ ६:०० बजे |
| १५. दोस्रो सूचीको भर्ना | २०७७ फागुन २६ र २८ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १६. तेस्रो सूची प्रकाशन | २०७७ चैत्र २ गते विहान १०:०० बजे |
| १७. तेस्रो सूची उपर दावि विरोध | २०७७ चैत्र २ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १८. संशोधित तेस्रो सूची प्रकाशन | २०७७ चैत्र २ गते साँझ ६:०० बजे |
| १९. तेस्रो सूचीको भर्ना | २०७७ चैत्र ३ र ४ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| २०. रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०७७ चैत्र ५ गते |

**द्रष्टव्यः** उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

**१) Online Form भर्ने व्यवस्थाः**

यस क्याम्पसमा स्नातक तहका विभिन्न कार्यक्रमहरुमा भर्ना हुनका लागि Online Application Form भर्ने व्यवस्था गरिएकाले २०७७ फागुन ०७ गते विहान १०:०० बजेदेखि २०७७ फागुन ११ गते अपरान्ह ५:०० बजेसम्म Online Form भर्न सकिनेछ । यो फाराम यस क्याम्पसको Website: www.pcampus.edu.np मा उपलब्ध हुनेछ । फाराम भरेपछि फाराम भरेको प्रमाण स्वरुप Confirmation Page प्रिन्ट गरी साथै राख्नु पर्नेछ ।

- Online Form भर्दा आवेदकले आफूले चाहेको विषय अनुसारको प्राथमिकताक्रम तोकि आवेदन दिनु पर्नेछ ।
- Online Form भर्दा आवेदकले अनिवार्य रुपमा नागरिकताको Scanned Copy Upload गर्नु पर्नेछ । विदेशी नागरिकले सम्बन्धित देशको पासपोर्ट वा राजदुतावसबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको प्रमाणित पतिलिपि Upload गर्नु पर्नेछ ।
- कोटामा आवेदन दिन चाहने आवेदकहरुले आवेदन गर्दा कोटा तर्फ बाटै Online Form अनिवार्य भर्नु पर्नेछ ।
- कोटाका आवेदकहरुले खुला सिटका लागि पनि आवेदन दिन चाहेमा दुबै तर्फ छुट्टा छुट्टै फाराम भर्नु पर्नेछ। यस्ता आवेदकहरुको नाम कोटा तर्फ प्रकाशित भएमा निजहरुको नाम खुला तर्फको सूचीबाट स्वतः हट्ने छ ।

**२) बैंक भाउचर भर्दा ध्यान दिनुपर्ने कुराहरुः**

क) भर्नाका लागि Online Application Form भर्दा प्रति विषय रु.३००।- का दरले शुल्क लाग्नेछ । कुनै पनि बिषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुवै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई बिषय मानिनेछ। आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ। यस्तो शुल्कको हिसाब क्याम्पस भर्नाको Website बाट पनि गर्न सकिनेछ । उल्लेखित शुल्क सिद्धार्थ बैंक लिमिटेड, पाटन ढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भाउचर लिनु पर्नेछ ।

ख) आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) वापत थप रु.३००।- लाग्नेछ ।

ग) बैंक भाउचर भर्दा संलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ ।

**३) प्राथमिकता क्रममा थपघट वा संशोधनः**

Online Form फाराम भर्दा तोकेको प्राथमिकता क्रममा थपघट वा संशोधन गर्नु परेमा मिति २०७७ फागुन १२ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजे सम्ममा थपघट वा संशोधन गर्न सकिनेछ । कार्यक्रम थपघट वा संशोधनका लागि निम्नानुसारको थप शुल्कको बैंक भाउचर संलग्न गरी क्याम्पस भर्ना समितिमा निवेदन दिनु पर्नेछ ।

प्राथमिकता संशोधन शुल्क रु.३००।- लाग्नेछ ।
बिषय थप गर्नु परेमा प्रति बिषय रु.३००।- लाग्नेछ ।
प्राथमिकता घटाएमा बुझाइसकेको शुल्क फिर्ता हुने छैन ।

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## ४) सुरक्षित कोटामा आवेदन गर्ने सम्बन्धमा

भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७७ को दफा ६ को उपदफा ६.२, ६.३, ६.४ र ६.५ मा उल्लेखित कोटाहरूको लागि आवेदन गर्ने आवेदकहरूले बुझाउनुपर्ने आवश्यक कागजात र निवेदन मिति २०७७ फागुन ०७ गतेदेखि फागुन ११ गते अपरान्ह ५:०० बजेसम्म पुल्चोक क्याम्पस, सूचना प्रविधि केन्द्रमा निम्न कागजातहरू सहित दर्ता गराउनु पर्नेछ ।

क) बुँदा न. १ मा उल्लेख गरिएको Online आवेदन भरेको Confirmation Page

ख) कोटा सम्बन्धी प्रावधान ६.२, ६.३, ६.४ र ६.५ का सन्दर्भमा

- दफा ६.२ शिक्षक/कर्मचारी कोटाको लागि आवेदकले आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो र कुन विषय पढन खोजेको हो, त्यो खुलाएको निवेदनको साथमा इ. अ. सं. डीनको कार्यालयबाट पूर्व स्वीकृती पत्र पेश गर्नु पर्नेछ । शिक्षक कर्मचारीका छोरा छोरीका लागि आवेदन दिने भएमा सम्बन्धित शिक्षक कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट सिफारिस पत्र पेश गर्नु पर्नेछ ।
- दफा ६.३ को सम्बन्धमा आरक्षण कोटामा भर्ना हुन चाहने आवेदकहरुले निम्न बमोजिम कागजातहरु निवेदन साथ पेश गर्नु पर्नेछ ।

  १. दफा ६.३ अनुसार आवेदन दिने आवेदकहरुले आफूले कुन कुन समुदायको तर्फबाट आवेदन दिएको हो सो खुलाई भर्ना समिति, सूचना प्रविधि केन्द्र, पुल्चोक क्याम्पसमा निवेदन पेश गर्नु पर्नेछ ।

  २. उम्मेदवारले अनिवार्य रुपमा सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनपर्ने छ । त्यसको प्रमाण स्वरुप कक्षा ८, ९ तथा एस.एल.सी./एस.ई.ई. तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट वा शिक्षा सम्बन्धी सम्बन्धित सरकारी निकायबाट प्राप्त प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

  ३. कक्षा ११ र १२ वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक वा सरकारी विद्यालय वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा अध्ययन गरेको हुनुपर्नेछ अथवा नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको हुनुपर्नेछ । यसको प्रमाण स्वरुप कक्षा ११ र १२ को लब्धाङ्कपत्र (Transcript) तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा शिक्षा सम्बन्धी सम्बन्धित सरकारी निकायबाट प्राप्त प्रमाणपत्र तथा छात्रवृति प्राप्त गरेको भए शिक्षा सम्बन्धी सम्बन्धित सरकारी निकायले निज छात्रवृतिमा अध्ययन गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

  ४.कक्षा ११ र १२ वा सो सरहको तहमा न्युनतम ४५ प्रतिशत तथा राष्ट्रिय परीक्षा वोर्ड (NEB) को हकमा Letter Grading भएमा सबै विषयमा न्युनतम C Grade प्राप्त गरि नियमित रुपमा पहिलो प्रयासमै उत्तीर्ण भएको हुनु पर्नेछ ।

  ५.समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुने विपन्न आवेदकले सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट तोकिए बमोजिमको निकायले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्युन आयश्रोत भई गरिबीको रेखामुनि परेको भनी प्रमाण सहित आधार र कारण समेत उल्लेख गरी अनुसूची १ बमोजिमको त्रिभुवन विश्वविद्यालयले स्वीकृत गरेको फाराम भरी सम्बन्धित निकायहरुको प्रमाणीकरण गरी उक्त फाराममा तोकिएको आवश्यक कागजातहरु सहितको सिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

  **द्रष्टव्यः** त्रि.वि. अन्तर्गतका आंगिक क्याम्पसहरुमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४ अनुसार विपन्न व्यक्तिको परिभाषा निम्नानुसार रहेको छ ।

5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप न्यून आयश्रोत भई गरिबीको रेखामुनी परेको भनी प्रमाणपत्र वितरण नगरेका जिल्लाको हकमा आर्थिक विपन्न व्यक्ति भन्नाले वार्षिक पारिवारिक आय पचास हजार रुपैयाँ भन्दा कम भएको भनी सम्बन्धीत स्थानीय तहले प्रमाणित आधार र कारण समेत उल्लेख गरी सिफारिस गरेको व्यक्ति सम्झनु पर्छ।

६. समानुपातिक समावेशी कोटामा आरक्षणको आधारमा भर्ना हुने विपन्न आवेदकहरुमध्ये अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, आदिवासी जनजातीले आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठन वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, दलितले राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट, मधेशी समुदाय, थारु समुदाय तथा मुस्लिम समुदायका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सोको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

७. पूर्णशुल्किय तर्फको आवेदकले यस आरक्षण कोटामा आवेदन दिएको खण्डमा आरक्षण कोटामा दिएको आवेदन स्वतः रद्द हुनेछ।

८. आरक्षण प्राप्त गर्ने व्यक्तिको झुठो विवरण पेश गरी आरक्षण सुविधा लिएको प्रमाणित भएमा निजको भर्ना रद्द गरी कानुन बमोजिम कारवाही हुनेछ।

९. यस आरक्षण कोटामा भर्ना हुने विद्यार्थीलाई लाग्ने सम्पूर्ण शुल्क नियमित विद्यार्थी सरहको हुनेछ।

- दफा ६.४ (क) का लागि सरकारी कार्यालय र सरकारी स्वामित्व रहेका संस्थानहरूमा कार्यरत कर्मचारीलाई सम्बन्धित संस्थाले प्रायोजन गरी अध्ययन गराउन चाहेमा इ.अ.सं. अन्तर्गतका आगिंक क्याम्पसहरुका पूर्णशुल्किय कार्यक्रमहरुमा भर्ना संख्यको १/१२ वरावरको सिट सुरक्षित गरिएको छ। यसरी प्रायोजित कोटा अन्तर्गत भर्ना हुन चाहने आवेदकले तोकिएको मिति भित्र आवेदन फारामको साथ स्नातक तहको पूर्णशुल्किय कार्यक्रममा ४ वर्षका लागि (आर्किटेक्चर भए ५ वर्षका लागि) अध्ययनमा सम्मिलित हुन सक्ने विभागीय स्वीकृती पत्र तथा प्रायोजन गर्ने पत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ। प्रायोजन गर्ने संस्था जिल्ला स्तरीय हुनु पर्ने छ वा उक्त संस्था जिल्ला स्तरिय संस्थाद्वारा सिफारिस गरिएको हुनु पर्ने छ।

- दफा ६.४ (ख) का लागि नेपाल सरकारवाट सूचिकृत गरिएका दलित, जाती, जनजाती जस्ता जातीय, भौगोलिक वा आर्थिक हिसावले उपेक्षित वर्ग समुदायका नियमित भर्ना तर्फ नपरेका व्यक्तिलाई सरकारी निकायले प्रायोजन गरी शुल्क तिरी पढाउन चाहेमा इ.अ.सं. अन्तर्गतका आगिंक क्याम्पसहरुमा पूर्णशुल्किय कार्यक्रमहरुमा भर्ना संख्याको १/१२ बराबरको सिट सुरक्षित गरिएको छ। यस अन्तर्गतका आवेदकहरुलाई प्रायोजन गर्ने सरकारी कार्यालय जिल्ला स्तरिय हुनु पर्ने वा जिल्ला स्तरिय संस्थाद्वारा सिफारिस गरेको हुनु पर्नेछ र उक्तपत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ। यसको लागि उम्मेदवारले अनिवार्य रुपमा सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको हुनुपर्नेछ। यसको प्रमाण स्वरुप कक्षा ८, ९ तथा एस.एल.सी./एस.ई.ई. तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा शिक्षा सम्बन्धि सम्बन्धित सरकारी निकायबाट प्राप्त प्रमाणपत्र पेश गर्नु पर्नेछ। साथै कक्षा ११ र १२ वा सो सरहको तहमा अध्ययन गर्दा सरकारी/सामुदायिक विद्यालय वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा गरेको हुनुपर्ने अथवा नेपाल सरकार वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट छात्रवृति प्राप्त गरेको हुनुपर्नेछ। यसको प्रमाण स्वरुप कक्षा ११ र १२ तहको लब्धाङ्कपत्र तथा उक्त विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा शिक्षा सम्बन्धी सम्बन्धित सरकारी निकाय बाट प्राप्त प्रमाणपत्र पेश गर्नुपर्नेछ तथा छात्रवृति प्राप्त गरेको भए शिक्षा सम्बन्धी सम्बन्धित सरकारी निकायले निज छात्रवृतिमा अध्ययन गरेको भनि प्रमाणित गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ। यस अन्तर्गत कोटामा

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

आवेदन दिने आवेदकहरुले कार्यरत संस्थाको निर्णयको प्रतिलिपि सहित मनोनयन पत्र र प्रायोजित गर्ने पत्रको सक्कल प्रति समेत आवेदनसाथ पेश गर्नुपर्नेछ ।

उपरोक्त दुवै प्रावधान अनुसार भर्ना हुनको लागि इ.अ.सं. बाट संचालित प्रवेश परीक्षामा उत्तीर्ण भएको हुनुपर्नेछ । यस्ता संस्थाबाट प्रायोजित आवेदकहरु बीचको प्रतिस्पर्धाको आधारमा यी सिटहरुमा भर्ना गरिनेछ । यसरी छुट्याइएको कोटा पूर्ति नभएमा पूर्णशुल्किय कार्यक्रममा आवेदन दिने मध्येबाट योग्यताक्रमानुसार भर्ना गरिनेछ । सरकारी कार्यालय तथा सरकारी स्वामित्व भएका संस्थाहरुको सुरक्षित कोटामा भर्ना हुनका लागि प्रायोजन गर्ने संस्थाको चेकबाट मात्र भुक्तानी स्वीकार गरिनेछ । यस सम्बन्धि सम्पूर्ण कागजातहरु प्रथम सूची प्रकाशन गर्नु पूर्व आवेदन माग गरेको मिति भित्र पेश भै सक्नुपर्ने छ ।

- उपरोक्त उल्लेख भए बमोजिम दफा ६.४ (क) र ६.४ (ख) मा उल्लेखित कोटामा आवेदन दिने आवेदक भर्नाको लागि छनौट भएमा भर्ना हुन आउँदा प्रायोजन गर्ने निकायबाट चेक मार्फत एकमुष्ठ रकम भुक्तानी गर्नु पर्नेछ ।
- दफा ६.४ (क) र ६.४ (ख) मा आवेदन दिने आवेदकहरुले प्रायोजन गर्ने संस्थाले गरेको मनोनयन सम्बन्धि निर्णयको प्रतिलिपि सहित मनोनयन पत्रका साथमा कुन विषयमा पढ्नका लागि प्रायोजन गर्न लागेको हो त्यो खुल्ने गरी प्रायोजन गर्ने प्रतिबद्धता सहितको प्रायोजन गर्ने कार्यालयको पत्रको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
- दफा ६.२, ६.३ र ६.४ का लागि आवेदन दिने आवेदकहरुले निवेदनको साथमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
- दफा ६.५ अनुसारको विदेशी विद्यार्थीका लागि आवेदन गर्दा निवेदन सहित सम्बन्धित देशको पासपोर्ट वा राजदुतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

## ५) आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरुः

(क) यस क्याम्पसमा सबै कार्यक्रमहरुको नियमित र पूर्णशुल्किय गरी १६ प्राथमिकताहरु छन । आवेदकले प्रवेश परीक्षामा प्राप्त गरेको योग्यताक्रम (Rank) का आधारमा Online Application Form मा उल्लेखित प्राथमिकताहरु क्रमानुसार भर्ना सूची प्रकाशन गरिने भएकोले Online Application Form मार्फत आवेदन दिँदा कोटा अनुसार बढिमा १६ प्राथमिकताहरु मध्ये आफूले इच्छाएको कार्यक्रमहरुमा क्रम तोकी आवेदन दिनु पर्नेछ ।

(ख) तल्लो प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भईसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता क्रममा स्वतः नाम प्रकाशन हुनेछ ।

(ग) माथिल्ला प्राथमिकतामा नाम प्रकाशन भई भर्ना भएका आवेदकले तल्लो प्राथमिकताका कार्यक्रममा परिवर्तन गर्न पाउने छैनन् ।

(घ) कुनै आवेदकले आफूले प्राथमिकताक्रममा राखेको तल्लो प्राथमिकताक्रममा नाम प्रकाशित भई भर्ना भएमा मात्र पछिल्ला सूचीहरुमा आवेदकहरुको योग्यताक्रमले भ्याएमा माथिल्लो प्राथमिकता तोकेका कार्यक्रमहरुमा नाम प्रकाशन गरिनेछ ।

कुनै आवेदकको नाम आफूले तोकेको तल्लो प्राथमिकताको कार्यक्रममा प्रकाशित भएमा निज पछिल्ला सूचीहरुमा माथिल्लो प्राथमिकताको कार्यक्रममा जान तल्लो प्राथमिकताको कार्यक्रममा भर्ना भएकै हुनु पर्नेछ ।

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

**जस्तैः** कुनै आवेदकले पहिलो प्राथमिकता कम्प्युटर इन्जिनियरिङ्ग नियमित, दोस्रो प्राथमिकता सिभिल पूर्णशुल्किय तथा तेस्रो प्राथमिकता आर्किटेक्चर नियमित कार्यक्रमका लागि आवेदन गरेको र यस्ता आवेदकको नाम आर्किटेक्चर नियमित कार्यक्रममा भर्नाका लागि प्रकाशन भई निज आर्किटेक्चर कार्यक्रममा भर्ना नभएको खण्डमा भर्ना प्रक्रियाबाट बाहिरिनेछ ।

(ङ) कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्किय कार्यक्रममा निक्लेमा निजले पूर्णशल्किय कार्यक्रमका लागि आवश्यक थप रकम जम्मा गरी अनिवार्य भर्ना हुनु पर्नेछ, नभएमा निजको भर्ना खारेज गरिनेछ ।

**तसर्थ आफूलाई इच्छा नलागेको कार्यक्रमलाई प्राथमिकतामा नभर्नुहुन सूचित गरिन्छ ।**

(च) भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना हुँदा आफू माथिल्लो प्राथमिकतामा अब उप्रान्त नसर्ने भनी आवेदक स्वयम्ले भर्ना समितिमा लिखित निवेदन दिएमा मात्र निज भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन् ।

## ६) भर्ना हुँदा ध्यान दिनुपर्ने बिषयहरुः

(क) भर्नाका लागि नाम प्रकाशन भएपछि अनिवार्य रुपमा तोकिएको मिति र समय भित्र आवश्यक शुल्क र कागजात पेश गरी भर्ना हुनु पर्नेछ ।

(ख) कारणवश अघिल्ला कुनै सूचीमा नाम प्रकाशित भएका आवेदकहरुले म्यादभित्र भर्ना हुन नसकि निजले पुनः भर्ना हुन चाहेमा भर्ना समिति समक्ष निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिनेहरुको निवेदन दिएको लगत्तै पछि निस्कन लागेको सूचि पछि निस्कने अर्को सूचीमा स्थान रिक्त भएमा मात्र योग्यताक्रमानुसार नाम समावेश गरिने छ ।

## ७) भर्ना हुनको लागि पेश गर्नुपर्ने कागजात तथा शुल्कः

(क) इन्जियिरिङ्ग अध्ययन संस्थान प्रवेश परीक्षा वोर्डद्धारा संचालित बी.ई. बी.आर्क तहको प्रवेश परीक्षामा उत्तीर्ण गरेको Score Card १ प्रति ।

(ख) एस.एल.सी/एस.ई.ई वा सो सरहको परीक्षाको लब्धाङ्क पत्र, सम्बन्धित बोर्डले प्रदान गरेका प्रमाणपत्र (नभएमा Provisional Certificate) र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(ग) त्रि.वि. वा मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह (+२), A Level मा भौतिक शास्त्र, रसायन शास्त्र तथा ११ र १२ कक्षामा गणित विषय लिई वा इन्जियिरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कुल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत अंक तथा NEB को हकमा Letter Grading भएमा सबै विषयमा Final Grade मा न्युनतम C Grade प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्कपत्र (Transcript), सम्बन्धित वोर्डले प्रदान गरेको प्रमाणपत्र (नभएमा Provisional Certificate), चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(घ) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि २ प्रति । विदेशी आवेदकका लागि सम्वन्धित देशको पासपोर्ट वा राजदुतावासबाट प्रमाणित गरेको फोटो सहितको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति ।

(ङ) त्रि.वि. बाहेकका अन्य विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह वा राष्ट्रिय परीक्षा बोर्ड/उच्च माध्यमिक शिक्षा परिषद वाहेक सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्बन्धित वोर्डको माइग्रेसन सर्टिफिकेट (Migration Certificate) र समकक्षताको प्रमाणपत्र (Equivalance Certificate) को सक्कल र प्रमाणित प्रतिलिपि १।१ प्रति ।

(च) सुरक्षित कोटामा आवेदन दिने आवेदकहरुले माथि बुँदा नं. ४ मा उल्लेखित कागजातहरु ।

5-521260
5-521611
5-522104
5-522809
पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

(ज) निम्न अनुसारको शुल्क ।

| अर्धवार्षिक(सेमेस्टर) शुल्क | नियमित | पूर्णशुल्कीय | विदेशी | प्रायोजित |
|---|---|---|---|---|
| प्रयोगशाला-शुल्क | ५०।- | ५०।- | २०००।- | ५०।- |
| शिक्षण-शुल्क | २१२६।- | ३२,५००।- | १,००,०००।- | ४२,२५०।- |
| प्रवेश-पत्र-शुल्क | १२५।- | १२५।- | २००।- | १२५।- |
| परिचय-पत्र शुल्क | १७५।- | १७५।- | १७५।- | १७५।- |
| विद्यार्थी युनियन-शुल्क | १०।- | १०।- | २०।- | १०।- |
| पुस्तकालय-शुल्क | ३७।५० | ३७।५० | १,५००।- | ३७।५० |
| खेलकुद-शुल्क | १५।- | १५।- | १००।- | १५।- |
| परीक्षा-शुल्क * | १,५००।- | १,५००।- | १,५००।- | १,५००।- |
| परीक्षा-केन्द्र-शुल्क | १००।- | १००।- | १००।- | १००।- |
| परीक्षा-फारम- शुल्क | १००।- | १००।- | १००।- | १००।- |
| विद्यार्थीकल्याण-कोष | १०।- | १०।- | १००।- | १०।- |
| खेलकुद-विकास-कोष | २५।- | २५।- | २५।- | २५।- |
| इन्टरनेट-सेवा-शुल्क | ६००।- | ६००।- | ६००।- | ६००।- |
| त्रि.वि. दर्ता-शुल्क ** | - | - | - | - |
| **जम्मा** | **४,८७३।५०** | **३५,२४७।५०** | **१,०६,४२०।-** | **४४,९९७।५०** |
| पुस्तकालय-धरौटी | १,२००।- | ५,०००।- | ५,०००।- | ५,०००।- |
| प्रयोगशाला-धरौटी | ५००।- | १०,०००।- | १०,०००।- | १०,०००।- |
| क्याम्पस-धरौटी :<br>(अध्ययन पूरा गरेपछि मात्र फिर्ता | १,७००।- | २५,०००।- | १,००,०००।- | २५,०००।- |
| **जम्मा** | **३,४००।-** | **४०,०००।-** | **१,१५,०००।-** | **४०,०००।-** |
| क्याम्पस-विकास-कोष | ४५०।- | ६००।- | ६००।- | ६००।- |
| क्याम्पस-मर्मत-कोष | ४५०।- | ६००।- | ६००।- | ६००।- |
| छात्रावास-मर्मत-कोष | - | - | - | - |
| **जम्मा** | **९००।-** | **१,२००।-** | **१,२००।-** | **१,२००।-** |
| विद्यार्थी स्वास्थ विमा शुल्क | ५००।- | ५००।- | ५००।- | ५००।- |
| **जम्मा** | **५००।-** | **५००।-** | **५००।-** | **५००।-** |
| **ल्यावोरेटोरी शुल्क*** ** | **३०,०००।-** | **२,८६,७२०।-** | **५,२९,०३४।-** | **२,८६,७२०।-** |
| **भर्ना हुँदा बुझाउनु पर्ने****** | **९,६७३।५०** | **७६,९४७।५०** | **२२३,१२०।-** | **४,००,४५५।-** |
| **भर्ना हुँदा बुझाउनु पर्ने***** | **१८,६७३।५०** | **१,६२,९६३।५०** | **३,८१,८३०।२०** | **६,८७,१७५।-** |
| **भर्ना हुँदा बुझाउनु पर्ने (BArch का लागि)** | **९,६७३।५०** | **७६,९४७।५०** | **२२३,१२०।-** | **४,९०,१००।-** |
| **कुल जम्मा आठ सेमेष्टरको******** | **४२,५६३।-** | **३,२२,४५५।-** | **९,६६,८३५।-** | **४,००,४५५।-** |
| **कुल जम्मा आठ सेमेष्टरको***** | **७२,५६३।-** | **६,०९,१७५।-** | **१,४९५,८६९।-** | **६,८७,१७५।-** |
| **कुल जम्मा दस सेमेष्टरको ( BArch का लागि)** | **५१,९६०।-** | **३,९२,६००।-** | **११,७९,३२५।-** | **४,९०,१००।-** |

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

- * परीक्षा शुल्क सम्बन्धमा नियमित र पूर्णशुल्किय विद्यार्थीको लागि क्रमशः त्रि.वि. र इ.अ.सं. बाट परिमार्जन भएमा सोही अनुसार हुनेछ ।
- ** यस भन्दा अगाडि त्रि.वि. मा दर्ता नभएकाहरुलाई मात्र देहाय अनुसार त्रि.वि. दर्ता शुल्क लाग्नेछ :
  - स्वदेशबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीका लागि रु. ५००।-
  - विदेशीबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीका लागि रु. १०००।-
- *** एरोस्पेस इन्जिनियरिङ्ग र केमिकल इन्जिनियरिङ्ग का लागी
- **** एरोस्पेस इन्जिनियरिङ्ग, केमिकल इन्जिनियरिङ्ग र BArch बाहेक
- छात्रावास मर्मत कोष शुल्क छात्रावासमा भर्ना हुने विद्यार्थीहरुका लागि मात्र लाग्नेछ ।
- उपरोक्त वाहेक त्रि.वि. ले तोकेको अन्य कुनै शुल्क परिवर्तन हुन सक्ने छ ।
- भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७७ को बुँदा नं. ६.४ को प्रावधान अनुसारको प्रायोजित कोटाको शिक्षण शुल्क व्यक्तिगत पूर्णशुल्किय कार्यक्रमको शिक्षण शुल्कभन्दा ३० प्रतिशत बढी हुनेछ ।
- प्रयोगात्मक परीक्षा शुल्क एक विषयको लागि ५०।- र एक भन्दा बढी विषयको लागि रु. १००।- लाग्नेछ । (नियमित विद्यार्थीको लागि मात्र) ।
- Engineering Council को दर्ता लगायतका शुल्कहरु विद्यार्थी स्वयम्ले व्यहोर्नु पर्नेछ ।
- Chemical Engineering विषयको नवौं सेमेष्टरमा लाग्ने Internship शुल्क, इ.अ.सं. कार्यान्वयन समितिबाट तोकिए बमोजिम हुनेछ ।

**प्रवेश परीक्षामा उत्तीर्ण भई यस क्याम्पसमा भर्ना हुन चाहने आवेदकहरुले इ.अ.सं. बाट प्रकाशित भर्ना सम्बन्धी जानकारी पुस्तिका २०७७ र भर्ना सम्बन्धी विस्तृत सूचना ध्यान दिएर पढ्न हुन र सूचना बमोजिम तोकिएको मितिमा तोकिएको प्रक्रिया पुरा गर्नुहुन ध्यानाकर्षण गराइन्छ ।**

## ८) BArch कार्यक्रममा भर्नाको सम्बन्धमा

- BArch (आर्किटेक्चर) कार्यक्रममा भर्नाका लागि आवेदन दिने आवेदकहरुले मिति २०७७ फागुन १३ गते बिहान १०:०० बजे यस क्याम्पसद्धारा संचालन गरिने झुकाव परीक्षा (Aptitude Test) दिनुपर्नेछ।
- झुकाव परीक्षा (Aptitude Test) मा अनुपस्थित भएमा वा अनुत्तीर्ण भएमा त्यस्ता विद्याथीहरु आर्किटेक्चर कार्यक्रममा भर्ना हुनका लागि योग्य हुने छैनन् । (कुनै पनि आंगिक क्याम्पसमा दिइएको झुकाव परीक्षाको नतिजा मान्य हुने छ ।)
- आर्किटेक्चर कार्यक्रममा प्राथमिकता तोकी आवेदन दिने आवेदकहरुलाई झुकाव परीक्षा (Aptitude Test) को लागि थप रु.३००।- लाग्नेछ ।

**९) यसपछिका कार्यक्रमहरुका लागि मिति २०७७ चैत ०५ गते सूचना प्रकाशित गरिनेछ ।**

अध्यक्ष
भर्ना समिति २०७७
पुल्चोक क्याम्पस

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

## बैंक भाउचर नमुनाः



Siddhartha Bank

**DEPOSIT SLIP**
निक्षेप जम्मा रसिद

BRANCH शाखा
DATE मिति

Account Type: खाताको प्रकार: Current चल्ती | Savings बचत | Call कल | ✓ Others अन्य

A/C No. खाता नं. 00915019203

CASH नगद
CHECK चेक

Account Holder's Name खातावालाको नाम: PULCHOWK CAMPUS

Amount in Figures रकम अंकमा

Check Deposit चेक जम्मा

| Check No. चेक नं. | Drawee Bank-Branch चेक लेखिएको बैंक-शाखा | Amount रकम |
|---|---|---|
| | | |
| | TOTAL जम्मा | |

Cash Deposit नगद जम्मा

| Denomination नगद विवरण | | |
|---|---|---|
| 1000 x | = | |
| 500 x | = | |
| 250 x | = | |
| 100 x | = | |
| 50 x | = | |
| 25 x | = | |
| 20 x | = | |
| 10 x | = | |
| 5 x | = | |
| 2 x | = | |
| 1 x | = | |
| Coins | = | |
| TOTAL जम्मा | | |

Amount in words रकम अक्षरमा

Business Transaction व्यापारिक कारोबार | Salary तलब | Sale of Assets सम्पत्ति बिक्री | Remittance रेमिट | Others (Please Specify) अन्य (खुलाउनुहोस्)

Deposited by जम्मा गर्ने  Name नाम RAM CHANDRA CHAUDHARY  Sign हस्ताक्षर Ram
EXAM ROLL NO. 16026

Bank's copy

# अनुसूची १

त्रिभुवन विश्वविद्यालय

इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक

प्रवेश परीक्षा बोर्ड

# समानुपातिक/समावेशी/ विपन्न आरक्षण सिटमा अध्ययन गर्न पेश गर्ने फाराम

यो फाराम भर्दा सही उत्तरको संकेतमा गोलो घेरा लगाउ नहोस् र अंक लेख्ने स्थानमा सबै अंकहरू नेपालीमा लेखु नहोस् । यो फाराममा लेखिएका सम्पूर्ण बिवरण पूरा गरेको भएमा मात्र फाराम दर्ता गरिनेछ । स्थानीय निकाय अधिकारीबाट यो फारामको पेज नं. ४ मा तथा बांकी पेजमा माग गरिएका प्रमाणहरूमा पनि छुट्टा छुट्टै प्रमाणित गराउनु पर्नेछ ।

खण्ड १: घर परिवारको परिचयात्मक विवरण

| १.१ जिल्ला | १.२ गा.पा.का/न.पा | १.३ वडा नं. | १.४ गाउं/बस्तीको नाम: | प्रमाण पेश गर्नुपर्ने |
|---|---|---|---|---|
| .................. | ......................... | .................. | ............................. | आवेदकको नागरिकताको प्रमाणित प्रतिलिपी |

खण्ड २: जनसांख्यिक विवरण

| २.१ आवेदकको | पहिलो | बीचको | थर |
|---|---|---|---|
| नेपालीमा नाम | | | |
| बाबुकोनाम | | | |
| आमाको नाम | | | |

| विवरण | प्रमाण पेश गर्नुपर्ने |
|---|---|
| २.२ आवेदकको लिङ्ग: १. पुरुष २. स्त्री ३. अन्य; २.३ उमेर: | - साक्षर भए प्रमाणपत्रको प्रमाणित प्रतिलिपी |
| २.३ आवेदकको जात/जाति: .................. | |
| २.४ फोन नं.: ; २.५ मोवाइलनं.: | |
| २.६ परिवारमूलीको शैक्षिक स्थिति<br>१. निरक्षर २. साक्षर वा कक्षा ५ सम्म उत्तीर्ण ३. ६–८ उत्तीर्ण<br>४. ९–१२ कक्षा उत्तीर्ण ५. स्नातकतह वा सोभन्दा माथिउत्तीर्ण | |
| २.७ परिवारका अन्य सदस्यको शैक्षिक स्थिति<br>१. निरक्षर २. साक्षर वा कक्षा ५ सम्म उत्तीर्ण ३. ६–८ उत्तीर्ण<br>४. ९–१२ कक्षा उत्तीर्ण ५. स्नातकतह वा सोभन्दा माथि उत्तीर्ण | साक्षर भए प्रमाणपत्रको प्रमाणित प्रतिलिपी |
| २.८ परिवारको जम्मा सदस्य संख्या<br>(क) परिवारमा बालबालिकाहरू (०–०६ वर्षका) को संख्या:<br>(ख) परिवारमा बालबालिकाहरू (०७–१४ वर्षका) कोसंख्या:<br>(ग) परिवारमा वयस्क व्यक्तिहरू (१५–५९ वर्षका) कोसंख्या:<br>(घ) परिवारमा वृद्ध/वृद्धा व्यक्तिहरू (६० वर्ष र माथिका) को संख्या: | फोटो सहितको पत्रमा स्थानीय निकाय पदाधिकारीद्वारा प्रमाणित पत्र |
| २.९ परिवारमा लेख्न र पढ्न दुवै जान्ने साक्षर सदस्यहरूको संख्या: ६ वर्ष र माथिका सबै: ; २५ वर्ष रमाथिका | प्रमाणपत्रको प्रमाणित प्रतिलिपी |
| २.१० परिवारमा हाल निजी (प्राइभेट) स्कूल कलेज पढिरहेका विद्यार्थीहरू छन्? १. छन् पुरुष: महिला: २. छैनन् | स्कूलको आधिकारिक पत्र |
| २.११ परिवारको कुनै सदस्यमा कुनै किसिमको अपाङ्गता छ? १.छ २. छैन | राष्ट्रिय अपांगता महासंघ/जि.प्र.का.को पत्र |
| २.१२ परिवारमा अपाङ्गताको परिचयपत्र प्राप्त गर्नेहरूको संख्या कति छ ?<br>१.रातो: २. निलो: ३: पहेंलो: ४. सेतो: ५. कार्ड नभएका: | |
| २.१३ महिला परिवारमूली भएको परिवारमा १५-५९ वर्षका अपाङ्गताको रातो र निलो कार्ड नपाएका पुरुषहरू कति छन्? १. लागु नहुने २.संख्या | |
| २.१४ परिवारको कुनै सदस्यलाई तलका मध्ये कुनै गम्भीर प्रकृतिका दीर्घरोग लागेको छ? १. छ २.छैन | चिकित्सकद्वारा प्रमाणित पत्र |
| २.१५ तल दिइएका गम्भीर प्रकृतिका दीर्घरोग लागेका परिवार सदस्यहरूको संख्या कति छ?<br>१. क्यान्सर: २.मृगौला: ३.मुटुसम्बन्धी: ४.पार्किन्सन/अल्जाइमर/दम/छारे रोग: ५. अन्य: | |
| २.१६ तपाईले परिवारमा कोही घरायसी कामदार राख्नु भएको छ? (परिवारमै खाने सुत्ने गरी राखिएका नियमित कामदारहरू)<br>१.छ २.छैन | फोटोमा प्रमाणित पत्र |
| २.१७ तपाईको परिवारबाट हाल कोही अनुपस्थित रहेका व्यक्तिहरू छन्? (अक्सर बसोबास गरिरहेका बाहेकका) १.छ २.छैन | स्थानीय निकाय पदाधिकारी बाट प्रमाणित पत्र |
| २.१८ हाल परिवारबाट अनुपस्थित व्यक्तिहरू कति जना छन्?<br>पुरुष: महिला: जम्मा: | |

_______________ आवेदकको सही

_______________ स्थानीय निकायका कर्मचारीको सही

_______________ स्थानीय जन प्रतिनिधिको सही

## खण्ड ३: पारिवारिक विवरण

| | |
|---|---|
| ३.१ तपाईको परिवारको आवासको स्वामित्व कस्ता छ?<br>१. निजी  २. भाडामा  ३. संस्थागत  ४.अन्य | निजी भए लालपुर्जाको प्रमाणित प्रतिलिपी, २,३,४ भए प्रमाणित पत्र |
| ३.२ तपाईको परिवारले मात्र प्रयोग गरेका कोठाहरूको संख्या कति छन्? | (स्थानीय निकाय पदाधिकारी बाट यो फाराममा प्रमाणिकरण भएकोलाई मानिने) |
| ३.३ तपाईको परिवार बसोबास गरेको घरको जग के ले बनेको छ?<br>१.ढलान पिलरसहितको  २. सिमेन्टको जोडाइ भएको  ३.माटोको जोडाइ भएको  ४.काठको खम्बा  ५.अन्य | |
| ३.४ तपाईको परिवार बसोबास गरेको घरको बाहिरी गारो के ले बनेको छ?<br>१.सिमेन्टको जोडाइ भएको इंट/ढुंगा  २.माटोको जोडाइ भएको इंट/ढुंगा  ३.काठ/फल्याक  ४. कांचोइंट  ५. स्याउला/बांस  ६.अन्य | घरको फोटोमा स्थानीय निकाय पदाधिकारीबाट छुट्टै प्रमाणित गरेको पत्र |
| ३.५ तपाईको परिवार बसोबास गरेको घरको छाना के ले बनेको छ?<br>१.ढलान/सिमेन्ट  २.जस्ता/टिन/टायल/झिंगटी/ढुंगा  ३.माटो/काठ/फल्याक  ४. खर/पराल/छ्वाली  ५.अन्य | |
| ३.६तपाईको परिवारमा कस्तो प्रकारको चर्पी छ?<br>१.फ्लसचर्पी (**Water-Locked** सेफ्टी ट्यांक वा ढलमा जोडिएको)  २. साधारण चर्पी  ३.चर्पी नभएको | (स्थानीय निकाय पदाधिकारीबाट यो फाराममा प्रमाणिकरण भएकोलाई मानिने) |
| ३.७ तपाईको परिवारमा बत्ती बाल्नको लागि मुख्य रुपमा के पयोग गर्नु हुन्छ?<br>१.बिजुली  २. सोलार  ३. गोबरग्यास  ४. मट्टीतेल  ५.अन्य | |
| ३.८ तपाईको परिवारमा खाना पकाउन अक्सर (मुख्य रुपमा) कुन इन्धन प्रयोग गर्नुहुन्छ ?<br>१. एल.पी.ग्यास  २. मट्टीतेल/गोबरग्यास  ३. काठ, दाउरा, गुईठा  ४. अन्य (झारपात तथा फाल्तु बस्तु) | |
| ३.९ तपाईको परिवारले खाना पकाउनको लागि मुख्य रुपमा कुन प्रकारको चुल्हो प्रयोग गर्नुहुन्छ?<br>१.ग्यास स्टोभ/बिजुली हिटर  २. मट्टीतेलको स्टोभ  ३. धुंवारहित/सुधारिएको चूल्हो  ४.माटोको/साधारण चूल्हो  ५. खुला अगेनो | |
| ३.१० तपाईको परिवारका लागि खानेपानीको मुख्य स्रोत केहो?<br>१.घरभित्र पाइप धारा  २. सार्वजनिक पाइप धारा  ३. ढाकिएको इनार, ट्युबवेल, मूलधारा  ४.नढाकिएको इनार/कुवा  ५.अन्य (खोला, नदी आदि) | |

३.११ तपाईको परिवारको स्वामित्वमा तलका के के सुविधाहरू छन्?

| सुविधा | | सुविधा | | सुविधा | | |
|---|---|---|---|---|---|---|
| १.ल्याण्डलाइन फोन | १. छ २. छैन | ७.मोटरसाइकल | १.छ २.छैन | १३.एयरकन्डिसनर | १.छ २.छैन | (स्थानीय निकाय पदाधिकारीबाट यो फाराममा प्रमाणिकरण भएकोलाई मानिने) |
| २.मोबाइल फोन | १. छ २. छैन | ८.टेम्पो, कार, बस, ट्रक | १.छ २.छैन | १४.विद्युतीय पंखा | १.छ २.छैन | |
| ३. टेलिभिजन | १. छ २. छैन | ९.रिक्सा | १.छ २.छैन | १५.ट्र्याक्टर | १.छ २.छैन | |
| ४. केवल वा डिस च्यानल | १. छ २. छैन | १०.वासिङमेसिन | १.छ २.छैन | १६.पम्पसेट/थ्रेसर | १.छ २.छैन | |
| ५. इन्टरनेट | १. छ २. छैन | ११.रेफ्रिजेरेटर(फ्रिज) | १.छ २.छैन | १७.डिपबोरिङ | १.छ २.छैन | |
| ६.कम्प्युटर/ल्यापटप | १. छ २. छैन | १२.सोलारहिटर/गिजर/कुलर | १.छ २.छैन | १८.गोरु/रांगा गाडा | १.छ २.छैन | |

३.१२ तपाईको परिवारको स्वामित्वमा खेतीयोग्य (घरघडेरी, बन बनेलो, पर्ती, चौर,खाली जग्गा, खरबारीबाहेक) जग्गा जमिन छ?
१.छ  २.छैन  →३.१३

३.१३ खेतीयोग्य मध्ये तलका जग्गा जमिनको क्षेत्रफल कति छ?

| जग्गाजमिनकोप्रकार | क्षेत्रफल | | | | | |
|---|---|---|---|---|---|---|
| | विघा | कठठा | धुर | रोपनी | आना | पैसा |
| १. दुईबढीबालीलाग्नेखेत | | | | | | |
| २. एकबालीमात्र लाग्नेखेत | | | | | | |
| ३. बारी | | | | | | |
| ४. स्थायी प्रकृतिका नगदेबाली चिया, कफी, अलैंची, फलफूल आदि लागेकोर पोखरी | | | | | | |

छ भने लालपूर्जाको प्रमाणित प्रतिलिपी

३.१४ तपाईको परिवारको स्वामित्वमा तल उल्लेखित पशुपक्षीहरू छन् छैनन्? १. छ  २. छैन

३.१५ तल उल्लेखित पशुपक्षीहरू कति छन्?

| पशुपक्षी | | संख्या | पशुपक्षी | | संख्या |
|---|---|---|---|---|---|
| १. गाई/गोरु | १. छ २. छैन | | ५. भेडा/बाखा | १.छ २. छैन | |
| २. रांगा/भैंसी | १. छ २. छैन | | ६. सुंगुर/बंगुर | १.छ २. छैन | |
| ३. याक/नाक/चौंरी | १. छ २. छैन | | ७. कुखुरा | १.छ २. छैन | |
| ४. घोडा/खच्चर | १. छ २. छैन | | ८. हांस | १.छ २. छैन | |

(स्थानीय निकाय पदाधिकारीबाट यो फाराममा प्रमाणिकरण भएकोलाई मानिने)

## खण्ड ४: परिवारको आम्दानी तथा खर्चको विवरण

| | |
|---|---|
| ४.१ तपाईको परिवारको कुनै सदस्यको तलबी जागिर छ ?<br>१. छ  २. छैन | सम्बन्धित निकायको आधिकारीक पत्र |
| ४.२ तलबी जागिर छ भने कुन क्षेत्रमा छ ? (एक भन्दाबढी सदस्यको तलबी जागिर छ भने तलका मध्ये अघिल्ला विकल्पलाई पहिलो प्राथमिकता दिनुहोस्)<br>१.सरकारी/सार्वजनिक संस्थान  २. गैरसरकारी संस्था  ३. निजी संस्था  ४.अन्य | |
| ४.३ तलबी जागिर खाने परिवार सदस्यहरूमध्ये सबैभन्दा धेरै कमाउने सदस्यको मासिक तलब कति छ ?<br>१.रु.५,००० भन्दा कम  २.रु.१०,००० भन्दा कम  ३.रु . १५,००० भन्दा कम<br>४.रु.२०,००० भन्दा कम  ५.रु.२०,००० वा सोभन्दा बढी | मासिक तलब खुलेको प्रमाणित पत्र |

आवेदकको सही    स्थानीय निकायका कर्मचारीको सही    स्थानीय जन प्रतिनिधिको सही

| | |
|---|---|
| ४.४ तपाईको परिवारको कुनै सदस्यले PAN वा VAT नम्बर लिएको उद्योग,व्यापार वा व्यवसाय सञ्चालन गरेको छ ?<br>१.छ २.छैन | छ भने सञ्चालन गरेको प्रमाणित पत्र |
| ४.५ तपाईको परिवारको आम्दानीका स्रोतहरू के के हुन् ? (बहुउत्तर-सम्भव छ)<br>१.कृषिकार्य/पशुपालन २.गैर कृषि उद्योग/व्यापार व्यवसाय ३.जागिर<br>४. पेन्सन, भाडा, ब्याज ,लाभांश ५.विप्रेषण ६.दैनिक ज्यालादारी<br>७.सानातिना पटके व्यापार/आर्थिक क्रियाकलाप ८. दान, दातव्य, माग्ने ९.अन्य | |
| ४.६ तपाईको परिवारले विगत १२ महिनामा कति आम्दानी (४.५ मा उल्लेख भएका सबैस्रेताहरूको) गरेको थियो?<br>१. रु.५० हजार भन्दा कम २. रु.५० हजार देखि रु.१ लाख भन्दा कम<br>३. रु.१ लाख देखि रु.२ लाख भन्दा कम ४. रु.२ लाख देखि र सोभन्दा माथि | |
| ४.७ तपाईको परिवारको हालको न्यूनतम आवश्यकताको लागि चाहिनेभन्दा जम्मा आम्दानीको अवस्था कस्तो छ?<br>१.प्रशस्त २.ठीक्क ३. कम ४.ज्यादैकम | |
| ४.८ तपाईको घरमा परिवार संचालनको लागि मासिक औसत कति खर्च गरिन्छ? विगत १२ महिनाको खर्चबाट हिसाब गरि निकाल्ने (आफ्नो उत्पादनको र खरिद गरेको खाद्यान्न समेत, लत्ताकपडा, शिक्षा र साधारण औषधीउपचार, घरभाडा र अन्य नियमित किसिमका साधारण खर्चहरू मात्र समावेश गर्ने )<br>१.रु.५ हजारभन्दा कम २.रु. ५ हजार देखि रु. १० हजारभन्दा कम<br>३ .रु.१० हजार देखि रु. १५ भन्दा कम ४.रु.१५ हजार र सोभन्दा माथि | (स्थानीय निकाय पदाधिकारीबाट यो फाराममा प्रमाणिकरण भएकोलाई मानिने) |
| ४.९ विगत १२ महिनामा परिवारको नियमित आम्दानी(खेतीपाती, पशुपालन, उद्योग, व्यापार, व्यवसाय, जागिर, पेन्सन, भाडा, ब्याज, लाभांश, विप्रेषण र अन्य) ले कति महिना खानपुग्यो ?<br>१.३ महिनासम्म २.६ महिनासम्म ३.९ महिनासम्म<br>४.१२ महिना भन्दाकम ५.वर्षैभरी वा सोभन्दा बढी → ४.१० | |
| ४.१० नपुग महिनाको लागि कसरी खानेकुरा प्राप्त गर्नुभयो ?<br>१.सानातिना पटके व्यापार/आर्थिक क्रियाकलाप २. ज्याला मजदुरी ३.ऋण, पैंचो ४. अन्य | |
| ४.११ विगत १२ महिनामा तपाईको परिवारले विदेशबाट नगद वा जिन्सी विप्रेषण (Remittance) प्राप्त गरेको छ?<br>१. छ २.छैन<br>४.१२िवगत १२ महिनामा यस्तो विप्रेषण रकम कति प्राप्त गर्नुभयो? रु | |

खण्ड५: सहकारीसम्बन्धी विवरण

| | |
|---|---|
| ५.१ तपाईको परिवार सदस्य कुनै सहकारी संस्थाको सदस्य हुनुहुन्छ ?<br>१.छ २. छैन | हुनुहुन्छ भने आधिकारिक पत्र |
| ५.२ कस्तो किसिमको सहकारी संस्थाको सदस्य हुनुहुन्छ (बहुउत्तर सम्भव छ)?<br>१. बचत तथा ऋण २.कृषि ३.दुग्ध ४.बहुउद्देश्यीय ५.अन्य | |
| ५.३ विगत १२ महिनामा तपाईको परिवार सदस्यले सहकारीसंस्थाबाट कर्जा प्राप्त गरेको छ ?<br>१.छ २. छैन | छ भने आधिकारिक पत्र |
| ५.४ विगत १२ महिनामा तपाईको परिवार सदस्यले सहकारी बाहेक कुनै वित्तीय संस्थाबाट विना धितो ऋण प्राप्त गरेको छ?<br>१. छ २.छैन | |

खण्ड६:विविध

| | |
|---|---|
| ६.१ तपाईको परिवार बाट १५बर्षभन्दाकम उमेरको बालबालिका कतै घरायसी कामदारको रुपमा बसेका छन्?<br>१.छ २. छैन | छ भने पूर्ण विवरण खुलाएको पत्र |
| ६.२ तपाईको परिवारको सदस्य कुनै स्थानीय संस्था(राजनैतिक, सामाजिक, सहकारी वा अन्य)को निर्णायक तहमा हुनुहुन्छ ?<br>१.छ २. छैन | छ भने आधिकारिक पत्र |
| ६.३ तपाईको विचारमा तपाईको परिवार यस समुदायको गरिब परिवार हो?<br>१. हो २. होइन | |

आवेदकको सही स्थानीय निकायका कर्मचारीको सही स्थानीय जन प्रतिनिधिको सही

# कबुलियतनामा:

मैले यस फाराममा आफ्नो परिवारको सबै सत्य विवरणहरू राम्ररी पढेर/सुनेर/बुझेर राजी खुसीसाथ सहिछाप गरेको छु । मैले उपलब्ध गराएको विवरण सांचो हो, छानविन गर्दा झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार छु ।

घर परिवारमूलीको नाम,

थरः.................................

हस्ताक्षरः................................

मितिः.................................

| औंठाछाप | |
|---|---|
| | |
| दा. | बा. |

आवेदकको नामथरः...............................

हस्ताक्षरः....................................

मितिः.....................................

| औंठाछाप | |
|---|---|
| | |
| दा. | बा. |

————————— ************ —————————

# स्थानीय निकायका पदाधिकारीद्वारा प्रमाणीकरण

यस.............................................(गा.पा./न.पा./उप.म.न.पा/म.न.पा) वडा नं.............................................मा स्थायी बसोबास गर्ने श्री.....................................................ले उपलब्ध गराउनु भएको विवरण सांचो भएको प्रमाणित गर्दछौं । छानविन गर्दा झुठो ठहरिएमा कानुन बमोजिम सजाय भोग्न तयार छौं ।

स्थानीय जनप्रतिनिधिको नामः .................................

पदः .................................

ठेगानाः .................................

टेलिफोन (ल्याण्डलाइन):.........................

मोबाइलनं.: .................................

E-mail:................................

हस्ताक्षरः.................................

मितिः.................................

स्थानीय निकायका कर्मचारीको नामः ...............................

पदः .................................

ठेगानाः .................................

टेलिफोन (ल्याण्डलाइन):.........................

मोबाइलनं.: .................................

E-mail: ................................

हस्ताक्षरः .................................

मितिः.................................

कार्यालयको छाप